मुगुम कार्मारोङ गाउँपालिकाको कार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ६, संख्या : १, मिति : २०७९/११/२७

## भाग - १

### प्रज्ञा प्रतिष्ठान ऐन, २०७९

गाउँ सभाबाट पारित मिति: २०७९/११/२७
प्रमाणिकरण मिति: २०७९/११/२७

नेपालको संविधानको २०७२ को धारा २२६ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ दफा दफा ११ (छ) १ वमोजिम मुगुम कार्मारोङ गाँउपालिकाले निम्न बमोजिमको ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

मुगुम कार्मारोङ गाउँपालिकाको भाषा, संस्कृति, साहित्य र ललितकलाको संरक्षण र विकास गर्न परम्परागत जात्रा, पर्व, सञ्चालन तथा व्यवस्थापन गर्न प्रचलित कानुन विरुद्धका कुरिती तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य गर्न विद्यमान नेपालको संविधानको धारा २२६ (१) र "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी मुगुम कार्मारोङ गाउँपालिकाको गाउँसभाले यो **"मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान ऐन, २०७९"** जारी गरेको छ ।



CS CamScanner

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(१) यो ऐनको नाम "**मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान ऐन, २०७९**" रहेको छ ।

(२) यो ऐनको कार्यक्षेत्र मुगुम कार्मारोङ गाउँपालिका भित्र रहनेछ ।

(३) यो ऐन गाउँसभाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

क) "प्रज्ञा-प्रतिष्ठान" भन्नाले मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान ऐन, २०७९ लाई सम्झनु पर्छ

ख) "प्रज्ञा सभा" भन्नाले दफा ७ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्छ ।

ग) "प्रज्ञा परिषद्" भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा परिषद्लाई सम्झनु पर्छ ।

घ) "ललितकला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला र वास्तुकला लगायतका अन्य सिर्जनात्मक कला सम्झनु पर्दछ ।

ङ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रगंकर्म सम्झनु पर्छ ।

च) "संगीत" भन्नाले गायन, संगीत, वादन र नृत्य सम्झनु पर्छ ।

छ) "कुलपति" भन्नाले मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठानका कुलपति सम्झनु पर्छ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुगुम कार्मारोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

झ) "उपकुलपति" भन्नाले दफा १० (३) बमोजिम नियुक्त मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठानका उपकुलपति सम्झनु पर्छ ।

ञ) "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति, मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान परिषदका सदस्य सम्झनु पर्छ ।

ट) "परिषद् सदस्य" भन्नाले दफा १०(३) बमोजिम मनोनित मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान का परिषद् सदस्य सम्झनु पर्छ ।

ठ) "प्रज्ञा सदस्य" भन्नाले दफा १०(३) बमोजिम मनोनित मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान प्रज्ञा सदस्य सम्झनु पर्छ ।

ड) "भाषा" भन्नाले नेपाली भाषा लगायत मुगुम कार्मारोङ गाउँपालिका भित्र बोलिने स्थानीय भाषा सम्झनु पर्छ ।

ढ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य-पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवम् मौखिक लोक साहित्य सम्झनु पर्छ ।

ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा उपनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



CamScanner

**मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठानको स्थापना :**

१) यस गाउँपालिका क्षेत्रका मौलिक भाषा, ललितकला, नाट्यकला, तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा सर्वाङ्गिण विकास गर्नका लागि मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिनेछ ।

**मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान स्वःशासित संस्था हुने :**

१) मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठान अविछिन्न उत्तराधिकारिवाला एक स्वःशासित संगठित संस्था हुनेछ ।

२) प्रज्ञा-प्रतिष्ठानको आफ्नो छुट्टै एउटा छाप हुनेछ ।

३) प्रतिष्ठानले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ तर प्रज्ञा-प्रतिष्ठानले अचल सम्पत्ति बेचबिखन गर्दा मुगुम कार्मारोङ गाउँपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नाम उपर नालिस उजुर लाग्न सक्नेछ ।

५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार :**

(१) प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रज्ञा-प्रतिष्ठानका नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

ख) भाषा, ललितकला, नाट्यकला, साहित्य, संस्कृतिको संकलन, संरक्षण, सम्वर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने ।

ग) उल्लेखित क्षेत्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन, सिर्जना तथा प्रकाशन गर्ने ।

घ) यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई कदर सम्मान तथा पुरस्कृत गर्ने।

ङ) पुस्तकालय ग्यालेरी तथा संग्रहालय स्थापना गर्ने ।

च) यी क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने कोषको व्यवस्था गर्ने ।

छ) प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

ज) अन्य प्रदेश, स्थानीय तह तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा-प्रतिष्ठान नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरु संग समन्वय र सहकार्य गर्ने ।

झ) भाषा, साहित्य र संस्कृति सम्बन्धी सभा सम्मेलन गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।

ञ) लोपोन्मुख भाषा, साहित्य, लिपी, कला संस्कृतिको संरक्षण गर्ने ।

ट) मापदण्ड निर्माण गरी विशिष्ट विद्वान तथा वाङ्मय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने ।

ठ) गाउँ सभाले पारित गरेका भाषा, साहित्य, कला र संस्कृति सम्बन्धी अन्य कार्य गर्ने ।



CS CamScanner

**६. प्रज्ञा-प्रतिष्ठानको संगठन :** प्रज्ञा-प्रतिष्ठानको देहाय बमोजिमको संगठन हुनेछ र यिनीहरुको सामुहिक रुपमा नै प्रतिष्ठानको स्वरुप हुनेछ :

क) प्रज्ञा सभा

ख) प्रज्ञा परिषद्

**७. प्रज्ञा सभा : प्रज्ञा सभाको गठन देहाय बमोजिम हुनेछ**

(१) प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्रज्ञा सभा रहनेछ ।

(२) प्रज्ञा सभामा १५ जना सदस्य रहनेछ ।

क) कुलपति (गाउँपालिका अध्यक्ष) : अध्यक्ष

ख) उपकुलपति : सदस्य

ग) गा.पा उपाध्यक्ष : सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

ङ) कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना महिला सहित ३ जना : सदस्य

च) पालिका क्षेत्र भित्र रहेका भाषा साहित्य, कला, संस्कृति तथा साहित्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट समावेशितालाई समेत ध्यानमा राखि कार्यपालिकाले मनोनित गरेका ७ जना सदस्य

छ) शिक्षा शाखा प्रमुख : सदस्य सचिव

(३) उपकुलपति र मनोनित सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले ४ वर्षको हुनेछ ।

(४) कुनै कारणले प्रज्ञा सभाका मनोनित सदस्यहरुको पद रिक्त भएको मितिले ४ वर्षको हुनेछ ।

(५) प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार : प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रज्ञा-प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

ख) प्रज्ञा-प्रतिष्ठानको बार्षिक बजेट स्वीकृत गर्ने ।

ग) विद्धतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

घ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने ।

ङ) परिषद्का कामको अनुगमन तथा मुल्याकंन गर्ने ।

च) प्रज्ञा-प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने ।

छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

६) प्रज्ञा सभाको बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ । बैठक बस्नु अघि छलफलको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई कम्तिमा ३ दिन अगाडी दिनुपर्नेछ ।

७) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।



CS CamScanner

८) सभाको बैठकको अध्यक्षता कुलपतिले गर्नेछ र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठक अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

१०) सभाको बैठकको निर्णय उपकुलपति/सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

११) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. प्रज्ञा परिषदको गठन र स्वरुप देहाय बमोजिम हुनेछ :**

१. प्रज्ञा-प्रतिष्ठानको प्रशासनिक तथा प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकार सम्पन्न कार्यकारी निकायको रुपमा पाँच सदस्यीय प्रज्ञा परिषद रहनेछ ।

क) उपकुलपति : अध्यक्ष

ख) प्रज्ञा सभाका मनोनित सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना : सदस्य

ग) शिक्षा शाखा प्रमुख : सदस्य सचिव

२. कुनै कारणले प्रज्ञा परिषदका मनोनित सदस्यहरुको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा क्षेत्रबाट मनोनित गरिएको हो सोही विधा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

३. उपकुलपति परिषद्का कार्यकारी प्रमुख हुनेछ ।

४. परिषद्का सदस्य संयोजक रहने गरी उपकुलपतिले परिषद्का सदस्यहरु मध्येबाट भाषा साहित्य कला र संस्कृतिको क्षेत्र हेर्ने गरी उप-समिति गठन गर्न सक्नेछ ।

५. परिषद्को बैठक कम्तिमा महिनाको एकपटक बस्नेछ ।

६. प्रज्ञा परिषद्का सदस्यहरुले अनुसुची (१) वमोजमिको ढाँचामा परिषदको अध्यक्षको समक्ष तथा परिषद्को अध्यक्षले प्रज्ञा सभाको अध्यक्ष समक्ष सपथ ग्रहण लिनु पर्नेछ ।

**९. प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार :**

क) प्रज्ञा सभाले गरेका निर्णय कार्यान्वयन गर्ने ।

ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने ।

ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम बजेट प्रगति प्रतिवेदन तथा कार्यक्रमहरुका सम्वन्धमा छलफल तथा आवश्यकतानुसार संशोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने ।

घ) विद्धतवृद्धि सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने ।

ङ) परिषद्का काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने ।

च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

CS CamScanner

१०. सिफारिस समिति :

(१) प्रज्ञा-प्रतिष्ठानको उपकुलपति मनोनित हुने प्रज्ञा सभाका सदस्यहरु तथा प्रज्ञा परिषद्को सदस्यहरुको मनोनयनका लागि कार्यपालिका समक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिका अध्यक्षले तोकेका भाषा संस्कृतिको उत्थानमा योगदान पुऱ्याएका २ जना व्यक्तिहरु सम्मिलित सिफारिस समिति गठन हुनेछ ।

(२) उपदफा (१) र (२) बमोजिम गठित सिफारिस समितिले गाउँपालिका क्षेत्र भित्र रहेका कला संस्कृति, भाषा र साहित्य लगायत सबै विधाबाट प्रतिनिधित्व हुने र समावेशीतालाई समेत समेट्ने गरी उपकुलपतिको लागि ३ जना र प्रज्ञा सभाका लागि १० जना सदस्यहरुको नाम कार्यपालिका समक्ष पेश गर्नेछ ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट कार्यपालिकाले एक जना उपकुलपति र समावेशीतालाई समेत मध्यनजर गरी ७ जना प्रज्ञा सभाका सदस्यहरुको मनोनयन गर्नेछ ।

११. कुलपति : १ प्रज्ञा-प्रतिष्ठानको कुलपति गाउँपालिका अध्यक्ष रहनु हुनेछ ।

१२. उपकुलपति :

१) उपकुलपति प्रज्ञा-प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

२) उपकुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेखित काम, कार्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिम हुनेछ :

क) सभाले दिएको निर्देशन र परिषद्ले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने।

ख) वार्षिक कार्यक्रम बजेट र कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गर्ने गराउन ।

ग) स्वदेशी तथा विदेशी संघ-संस्थाहरु संग प्रज्ञा-प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क समन्वय गर्ने गराउने ।

घ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. प्रज्ञा सभा सदस्य :

(१) प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्य रहनेछन्

१४. **प्रज्ञा परिषद् सदस्य :** प्रज्ञा-प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढगंले सञ्चालन गर्न दफा ८ (२) बमोजिम प्रज्ञा परिषद् सदस्य रहनेछन् ।

१५. **सदस्य सचिव :** प्रज्ञा-प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई कार्यपालिकाले सदस्य सचिवको रुपमा तोक्ने छ ।

१६. पद रिक्त हुने :

(१) देहायका अवस्थामा प्रतिष्ठानका उपकुलपति, प्रज्ञा-प्रतिष्ठान उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरुको पद रिक्त रहेको मानिनेछ :

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजिनामा पेश गरेमा,

(ग) निजको शारीरिक वा मानसिक अस्वस्थताका कारण पदमा रही सेवा गर्न असमर्थ रहेको भनि सिफारिस समितिको सिफारिसमा कार्यपालिकाले पदमुक्त गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा १७ बमोजिम पदबाट हटाईएमा ।

**१७. पदबाट हटाउन सक्ने :**

(१) प्रज्ञा-प्रतिष्ठान उपकुलपति, प्रज्ञा सभा तथा परिषद्का मनोनित सदस्यहरुले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकुलको आचरण नगरेको वा इमान्दारिता पूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन पेश गरेमा कुलपतिले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय एक छानबिन समिति गठन गर्न सक्नेछ ।

## अनुसूची - १

### शपथ

### (दफा ८ (७) सगँ सम्बन्धित

म ........................................ सत्य र जनताप्रति पूर्ण वफादार रही सत्य, निष्ठापूर्वक र ईमान्दार रहि ईश्वर, देश र जनताको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रही मुगुम कार्मारोङ प्रज्ञा-प्रतिष्ठानको ...................................... पदको कामकाज प्रचलित कानुनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ गर्नेछु। आफ्नै कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट प्रकट गर्ने छैन ।

**नाम थर :** .................................................... **दस्तखत :** ..............................

**मिति :** ......................................

**शपथ गराउनेको**

**नाम थर :** ....................................................**दस्तखत :** ..............................

**पद : कुलपति**

**मिति :** ......................................

## अनुसूची - २
## प्रतिक चिन्ह

गोलाकार वृत भित्र वुद्ध भगवानको तस्विरको पृष्ठभूमीमा छाँयानाथ हिमालको तस्विर रहने त्यसको तल स्थापित २०७९, त्यसको सिरानमा मुगुम कार्मारोङ प्रतिष्ठान कोष्ठमा चुग्लाखाङ र पुछारमा पुलु, मुगु, कर्णाली प्रदेश नेपाल रहनेछ ।

**आज्ञाले**
**शुवास चन्द्र रावल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

CamScanner